# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

वाणिज्य मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय फिलिपिन्समा हुने Greater Mekong Subregion: Seventh Conference on Subregional Economic Co-operation को बैठकमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री राजाभाई शाक्यलाई मिति २०५३।१२।२५ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराई पाकिस्तानको राजधानी इस्लामावादमा हुने गरीबी उन्मूलन सम्बन्धी सार्क सहयोगात्मक कार्यक्रमको सचिव-स्तरीय बैठकमा भाग लिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५३।१२।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री पुण्यप्रसाद दाहाल पाकिस्तानको इस्लामावादमा हुने गरीबी निवारण सम्बन्धी सहयोगात्मक विषयक सार्क राष्ट्रहरूको सचिवहरूको बैठकमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका का.मु. विशेष सचिव श्री ईन्द्रकुमार श्रेष्ठलाई मिति २०५३।१२।२६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६

## सूचना ४

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष श्री पृथ्वीराज लिगल, सदस्य डा. बालगोपाल वैद्य र श्री हरिशंकर त्रिपाठीले आ-आफ्नो पदबाट प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्ष समक्ष मिति २०५३ साल चैत्र १५ गतेदेखि लागू हुने गरी दिनु भएको राजीनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

श्री ५ को सरकारले मिति २०५३।१२।२१ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको उपाध्यक्ष तथा सदस्यमा देहायबमोजिमका व्यक्तिहरू नियुक्त गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| | |
|---|---|
| डा. मंगलसिद्धि मानन्धर | – उपाध्यक्ष |
| डा. डिल्लीराज खनाल | – सदस्य |
| डा. देवेन्द्र चापागाईं | – सदस्य |

## सूचना ६

श्री ५ को सरकारको मिति २०५३।१२।२१ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयका सचिव श्री विश्वनाथ सापकोटालाई संसदीय व्यवस्था मन्त्रालयको सचिव पदमा सरुवा गरिएको छ।

## सूचना ७

श्री ५ को सरकारको मिति २०५३।१२।२१ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयका का. मु. विशेष सचिव श्री केशवराज राजभण्डारीलाई सामान्य प्रशासन मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

86